श्री स.प्र.जि.अ.
अभिलेखमा राख्ने र CPAS मा समेत अपलोड गर्ने।
२०८२।०६।३१

मितिः २०८२।०६।३१

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रसुवा।

**विषयः औषधि पसल अनुगमन गरी प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

उपरोक्त विषयमा प्रमुख जिल्ला अधिकारीज्यूको निर्देशन बमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, रसुवा र जनस्वास्थ्य कार्यालय, रसुवाको समन्वयमा मिति २०८२/०६/३१ गते सहायक प्रमुख जिल्ला अधिकारी श्री द्रुव प्रसाद अधिकारीको संयोजकत्वमा रसुवा जिल्ला गोसकाईकुण्ड गाउँपालिका वडा नं. ६ धुन्चे स्थित विभिन्न फार्मेसी तथा औषधि पसलहरुको स्थलगत रुपमा अनुगमन/निरीक्षण गरी सो को प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछौं।

**१.पृष्ठभूमिः**

जिल्ला प्रशासन कार्यालय, स्थानीय प्रशासन, प्रदेशस्तरीय कार्यालय, स्थानीय तहसँगको समन्वय एवम् सहजीकरणमा नागरिकको जीवनयापनलाई सरल, सहज, स्वस्थ एवम् गुणस्तरीय बनाउनु प्रत्येक लोकतान्त्रिक सरकारको दायित्व रहन्छ। प्रभावकारी ढंगले जनहित तथा मानवीय संवेदनशीलता समेतलाई ध्यानमा राखी गुणस्तरीय उपभोग गर्न पाउनु व्यक्तिको मानव अधिकारले सुनिश्चित गरेको विषय हो। अधिकार प्राप्त निकायले समय समयमा विद्यमान ऐन, प्रचलित कानून अनुसार सञ्चालन भए/नभएको, म्याद गुज्रेका खाद्यान्न तथा अन्य दैनिक उपभोग्य बस्तुहरूको बिक्री वितरण, भण्डारण गरे/नगरेको, व्यवसायको साईन बोर्ड तथा मुल्यसूची सबैले देख्ने गरी राखे/नराखेको, बील बीजक जारी गरे/नगरेको, तोकिएको समयभित्र कर तिर्ने गरे/नगरेको, कानून निर्धारित अन्य विषयहरू पालना गरे/नगरेको, उपभोक्ताको छनौटको अधिकार संकुचन गरे/नगरेको, खाद्यबस्तु गुणस्तरीय भए/नभएको सम्बन्धमा एकाधिकार कालाबजारी जस्ता उपभोक्ता हित विपरितका संवेदनशील क्रियाकलाप न्यूनीकरणका लागि अनुगमन तथा निरीक्षण गर्नुपर्ने देखिन्छ।

**२. अनुगमन बिधिः**

फार्मेसी तथा औषधि पसलहरुमा रहेको बिभिन्न औषधिहरु प्रत्यक्ष रुपमा अनुगमन गरी म्याद गुर्जेको वा गुणस्तरको सामान्य चेकजाँच गर्ने गरिएको। अवलम्बन गर्नु पर्ने कानूनी प्रक्रियाहरु आत्मसाथ गरेर व्यवसाय सञ्चालन गरे/नगरेको, दर्ता/नवीकरण, विल/बीजक, कर चुक्ता लगायतका कानून बमोजिमका गतिविधि गरे/नगरेको एवं सरसफाई लगायतका अन्य व्यवस्थापकीय पाटोका सन्दर्भमा समेत अनुगमन गरिएको।

३.समस्याः

- औषधि बिक्री गर्दा बिल/बिजक दिने नगरेको,
- मूल्यसूचि राख्ने नगरेको,
- चिकित्सकको सल्लाह/सिफारिस नभई औषधि बेच्ने गरेको,
- साईनबोर्ड राखिएको नपाइएको।

**अनुगमनका सहभागीहरूः**

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा रसुवा जिल्ला अस्पताल, जनस्वास्थ्य कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, रसुवा लगायतका तपसिलमा उल्लेखित सरोकारवालाहरू सहितको निम्नानुसारका संयुक्त अनुगमन टोली रहेको।

| क.स | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| १. | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| २. | डा. अच्युत पौडेल | मे.सु. | रसुवा जिल्ला अस्पताल |
| ३. | डा. श्रिजा रिजाल | जनस्वास्थ्य अधिकृत | जनस्वास्थ्य कार्यालय, रसुवा |
| ४. | श्री प्रविन यादव | ना.सु. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ५. | श्री सुरेन्द्र हजरा | प्र.स.नि. | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| ६. | श्री चरित्र घिसिङ | प्रहरी हवलदार | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| ७. | श्री धिर बहादुर वाग्ले | सशस्त्र प्रहरी सहायक निरीक्षक | नं. २० गुल्म हे.क्वा. रसुवा |

## औषधि पसल अनुगमनको क्रममा भएको निर्देशन तथा अन्य विवरण

| क.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| १. | लाङटाङ मेडिकल हल | ३००५८४८६२ | राम बहादुर तामाङ | • मूल्यसूचि नराखेको,<br>• साईनबोर्ड नराखेको,<br>• नियमित रुपमा बिल/बिजक जारी गर्ने नगरेको,<br>• चिकित्सकको सल्लाह/सिफारिस बिना नै औषधि बिक्री/वितरण गर्ने गरेको। | • मूल्यसूचि राख्ने,<br>• साईनबोर्ड राख्ने,<br>• नियमित रुपमा बिल/बिजक जारी गर्ने,<br>• चिकित्सकको सल्लाह/सिफारिस बमोजिम मात्रै औषधि बिक्री/वितरण गर्ने गरेको। | उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रू.५,०००।– जरिवाना गरिएको। |
| २. | धुन्चे फार्मेसी | ६०२५४१३३२ | लक्ष्मी तामाङ | • मूल्यसूचि नराखेको,<br>• साईनबोर्ड नराखेको,<br>• नियमित रुपमा बिल/बिजक जारी गर्ने नगरेको,<br>• चिकित्सकको सल्लाह/सिफारिस बिना नै औषधि बिक्री/वितरण गर्ने गरेको। | • मूल्यसूचि राख्ने,<br>• साईनबोर्ड राख्ने,<br>• नियमित रुपमा बिल/बिजक जारी गर्ने,<br>• चिकित्सकको सल्लाह/सिफारिस बमोजिम मात्रै औषधि बिक्री/वितरण गर्ने गरेको। | उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रू.५,०००।– जरिवाना गरिएको। |
| | | | | | जम्मा जरिवाना गरिएको रकम रु. | १०,०००/- |

निष्कर्षः

फार्मेसी मार्फत बिक्रि वितरण गरिने औषधिजन्य वस्तुहरुको अनुगमनको सिलसिलामा बिभिन्न फार्मेसी तथा औषधी पसलमा समय समयमा अनुगमन गर्दा विद्यमान कानून परिपालनमा टेवा पुऱ्याउनुको साथै उपभोक्ताहरूको उच्चतम हित प्रवर्द्धन गर्न फार्मेसी सञ्चालकहरूलाई जिम्मेवार बनाइएको छ। कानून तथा मापदण्ड विपरित सञ्चालन गर्ने कार्य निरूत्साहित हुने अपेक्षा गरिएको छ। अनुगमन गर्दा प्रचलित कानून, अवलम्बन गर्नु पर्ने कार्यविधि र उपभोक्ता हकहित संरक्षण सम्बन्धमा व्यावसायी तथा उपभोक्ताहरू जानकार नहुँदा प्रभावकारी सेवा वितरणमा समस्या सिर्जना भएको देखिन्छ। यसका लागि स्थानीय तहबाट फोहोर व्यवस्थापन तथा उपभोक्ता हकहित सम्बन्धी जानकारी एवम् सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रतिवेदकः

श्री द्रुव प्रसाद अधिकारी, स.प्र.जि.अ.

श्री प्रविन यादव, नायब सुब्बा

<u>अनुगमनका केहि तस्वीरहरू:</u>














